जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० | अंक २४४ | २०७८ साल बैशाख १८ गते शनिबार (1 May 2021 Saturday) | मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- सम्पत्तिको आपराधिक उपयोग गर्ने (अर्काको सम्पत्ति बेइमानीको नियतले उपयोग, हानि नोक्सानी वा हिनामिना गर्ने) लाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- आपराधिक विश्वासघात गर्ने (आफ्नो जिम्मा वा संरक्षणमा रहेको सम्पत्ति करार वा सम्झौता बिपरीत अर्कालाई उपयोग गर्न दिने वा हक टुटाई अरुलाई दिने) लाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुने,
- अपराधिक लाभ (एक्टर्सन) लिने (अरुलाई धम्क्याई निजबाट लाभ लिने) लाई सात बर्षसम्म कैद र सत्तरी हजार रुपौयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : सीमानाकामा हुने आवतजावतले ... ३ पृष्ठमा : यसपटकको कोरोना ... ३ पृष्ठमाउत्तरी इजरायलमा भागदौड ...

# सप्तरीमा २७ जनामा कोरोना पुष्टिसँगै संक्रमितको संख्या ७६ पुग्यो

**दैनिक समाचारदाता**
**राजविराज, १७ बैशाख ।**

सप्तरी जिल्लामा कोरोना संक्रमितको संख्या दिनानुदिन बढ्दै गएको छ । पछिल्लो पटक बिहीबार र शुक्रबारगरि २७ जनामा कोरोना संक्रमणको पुष्टि भएको छ । योसँगै जिल्लामा कुल संक्रमितको संख्या ७६ पुगेको छ ।

अघिल्लो दिन बिहीबार १० जनाको परिक्षण गर्दा ७ जना संक्रमित फेला परे भने शुक्रबार ४९ जनाको परिक्षण गर्दा २० जनामा कोरोना संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

पछिल्लो पटक स्थानिय गजेन्द्र नारायण सिंह अस्पतालमा गरिएको परिक्षणले राजविराज नगरपालिकाका ३ महिलासहित सर्वाधिक १५ जनामा कोरोना संक्रमण पुष्टि भएको छ ।

यस्तै डाक्नेश्वरी नगरपालिका, शम्भुनाथ नगरपालिका, खडग नगरपालिका, तिलाठी कोइलाडी गाउँपालिका र विष्णुपुर गाउँपालिकाका एक/एक जनामा पनि कोरोना संक्रमण पुष्टि भएको गजेन्द्र नारायण सिंह अस्पतालका प्रमुख डा. रन्जित झाले बताए ।

बिहीबार संक्रमण पुष्टि भएका ७ मध्ये २ जना स्वास्थ्यकर्मी समेत रहेका छन् । सबै संक्रमितलाई अहिले होमआइसोलेशनमै व्यवस्थापन गरिएको उनले जानकारी दिए ।

यस्तै अघिल्लो दिन एक कोरोना संक्रमितको उपचारका क्रममा मृत्यु भएसँगै जिल्लामा कोरोनाबाट ज्यान गुमाउनेको संख्या ४२ पुगेको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीका प्रमुख दुनियालाल यादवले जानकारी दिए ।

# तीन कोरोना संक्रमितको मृत्यु

पर्सा, १७ वैशाख (रासस) ।

वीरगञ्जको नारायणी अस्पतालमा भर्ना भएका तीन कोरोना सङ्क्रमितको उपचारका क्रम्मा मृत्यु भएको छ । अस्पतालको आइसीयूमा भर्ना रहेका दुई महिला तथा एक पुरुषको उपचारका क्रममा मृत्यु भएको हो ।

श्वासप्रश्वासमा समस्या तथा निमोनियाबाट ग्रसित रहेकी वीरगञ्ज-१६ निवासी ४८ वर्षीय महिलाको शुक्रबार बिहान १:४५ र वीरगञ्ज-३ छपकैया निवासी महिलाको गए राति ९:३० बजे मृत्यु भएको छ भने बाराको जितपुर सिमरा-२४ निवासी ७७ वर्षीय पुरुषको गए राति ११:३० बजे मृत्यु भएको नारायणी अस्पतालका कोभिड संयोजक डा सरोजरोशन दासले जानकारी दिनुभयो ।

उहाँले नगवा निवासी महिलामा निमोनियालगायत रोगको लक्षण देखिएपछि उनलाई वैशाख १२ गते अस्पताल भर्ना गराइएको र उनको सोही दिन पिसिआर विधिबाट परीक्षण गर्दा सङ्क्रमण पुष्टि भएको थियो भने छपकैया निवासी महिलालाई वैशाख १४ गते अस्पताल भर्ना गरी सोही पिसिआर विधिबाट परीक्षण गर्दा सङ्क्रमण पुष्टि भएको बताउनुभयो ।

उच्च ज्वरो, श्वासप्रश्वासमा समस्या र मधुमेहबाटसमेत ग्रसित रहेका जितपुर सिमरा निवासी पुरुषलाई स्वास्थ्यमा समस्या

*बाँकी अन्तिम पृष्ठमा*

# मास्क नलगाउने ७ सय ५० जनालाई कारवाही

**दैनिक समाचारदाता**
**राजविराज, १७ बैशाख ।**

स्थानिय प्रशासनले चलाएको तपाईको मास्क खोई ! अभियान अन्तरगत सप्तरीमा ३ दिनमा ७ सय ५० जना कारवाहीमा परेका छन् ।

कोरोना माहामारीको बेला स्वास्थ्य मापदण्डको पालना नगरि मास्क नलगाउने ती व्यक्तिहरुबाट एक सयका दरले जरिवाना वापत ७५ हजार रुँपैया समेत असुल गरिएको प्रहरी नायब उपरिक्षक माधव प्रसाद काफ्लेले जानकारी दिएका छन् ।

उनका अनुसार अभियान अन्तरगत मास्क नलगाउनेलाई



जरिवाना मात्र नगरेर सचेतनाका साथै निशुल्क मास्क समेत बाडिदै छ ।

कोरोनाको जोखिम बढ्दै गएपछि प्रमुख जिल्ला अधिकारी

*बाँकी तीन पृष्ठमा*




विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी




तिरहुत गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

## सम्पादकीय

### सडक निर्माण कार्यले तिब्रता पाओस्

सप्तरी सदरमुकाम राजविराजस्थित नेता चौकदेखी तेतरी गाछी चौकसम्मका स्थानियहरु अहिले धुलोका कारण चिन्तित रहेका छन्। सडक निर्माणको कार्यका कारण २४ औं घण्टा धुलो उड्ने कारणले अस्वस्थ्य हुने चिन्ता उनीहरुमा रहेको छ। एक त कोरोना महामारीका कारण मानिसहरु घरमै बस्न बाध्य रहेको बेला धुलोका कारण घरमा बस्ने अवस्था छैन्। सडक निर्माणको ठेक्का पाएका कम्पनीको चरम लापरवाहीका कारण समयमा निर्माण कार्य सम्पन्न नहुँदा स्थानियहरुको अनावश्यक रुपमा कष्ठ भोग्नु परेको छ।

सो सडकखण्ड हुँदै सयौं दैनिक रुपमा ठूलो र सानो सवारीसाधनहरु गुड्ने गरेका छन् भने मानिसहरुको आवतजावत पनि बाक्लै रहेको छ। सामान्य मौसममा पनि धुलो उड्ने तथा सामान्य वर्षा हुँदा पनि हिलोमय हुने उक्त सडक खण्डमा दुर्घटना हुने सम्भावना पनि उत्तिकै रहेको छ। यसप्रति सम्बन्धित निकाय गम्भिर हुन सकेको छैन्। स्थानियहरु ठेकेदार कम्पनि र सम्बन्धित निकायको हेलचक्राईका कारण दुःख भोग्नु परेको छ।

यस्तो अवस्थामा सो सडकखण्डमा पसल थापेर व्यापार गर्ने व्यापारीहरु सामान बिक्रि गर्नुको साटो धुलो सफा गर्दै बस्ने गरेका छन् भने बढी औषधी पसल संचालन रहेको उक्त क्षेत्रमा उनीहरुको अवस्था पनि त्यस्तै छन्। डाक्टरले रोग निको हुने औषधी दिनुका साटो धुलोबाट हुने रोगबारे पनि सचेत गराइरहेका छन्। तसर्थ सडक निर्माण कार्यलाई तुरुन्त सम्पन्न गराउनु पर्नेमा सम्बन्धीत निकायको ध्यान जानु अति आवश्यक छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# सीमानाकामा हुने आवतजावतले कोरोना सङ्क्रमणको जोखिम बढ्दै

लहान, १७ वैशाख (रासस)। छिमेकी मुलुक भारतमा कोरोनाको सङ्क्रमण पुनः बढ्दै गएपछि सिरहा जिल्ला पनि यसको उच्च जोखिममा परेको छ।

भारतीय सीमा क्षेत्रबाट निर्बाध रूपमा आवतजावत भइरहेका कारण सिरहामा पनि कोरोना सङ्क्रमण फैलिन सक्ने जोखिम बढेको स्थानीयवासीहरू बताउँछन्। "भारतीय बजार जाने आउने क्रम चल्दै छ", लहान नगरपालिका-७ का वडाध्यक्ष राकेश रोशन गुप्ताले भन्नुभयो, "सीमाक्षेत्रमा हुने आवागमन नरोकिदाँ कोरोना सङ्क्रमणको जोखिम अत्यधिक बढेको छ।" जोखिम बढ्दै गएपनि सो अनुसारको सुरक्षा सावधानी अपनाइएको देखिदैन, उहाँले भन्नुभयो।

"भारतको बिहारमा समेत कोरोना सङ्क्रमण तीव्र रूपमा फैलिरहेको छ", लहानका स्थानीयवासी सत्यनारायण चौधरीले भन्नुभयो, "छिमेकी जिल्लामा कोरोना फैलिरहेपनि सिरहामा स्वास्थ्य सुरक्षा सावधानी अपनाइएको देखिदैन, फलस्वरुप कुनै पनि बेला कोरोना भाइरस सङ्क्रमण समुदायस्तरमा फैलिन सक्ने भएकाले नेपाल भारत सीमाक्षेत्रमा हुने आवागमनलाई तत्काल रोक्नुपर्छ।" एकातिर सीमासँग जोडिएका भारतको बिहार राज्यका विभिन्न स्थानमा कोरोना सङ्क्रमण तीव्र रूपमा फैलिरहेकाले तत्काल भारतीय सीमा नाकाहरू बन्द गर्नुपर्ने आवाज उठेपनि कार्यान्वयन नहुदाँ अझै सर्वसाधारण वारिपारि गरिरहेका छन्। भारतको विभिन्न शहरमा काम गरी नेपाल फर्किने क्रम पनि अझै रोकिएको छैन्। खुल्ला सीमानाका कारण मुख्य नाकासँगै अन्य विभिन्न चोर बाटो भएर सर्वसाधारण नेपाल भित्रिने गरेका छन्। तीमध्ये अधिकांशले सिधैं परिवार तथा आफन्तजनको सम्पर्कमा पुग्ने गरेका कारण कोरोना भाइस सङ्क्रमण उच्च दरमा फैलिने सम्भावना प्रवल रहेको छ।

सिरहा बरियारपट्टीका स्थानीयवासी मुकेश यादवले भन्नुभयो, "सरकारले एकातिर सीमानाका बन्द गर्ने बताइरहेको छ भने अर्कोतिर भारतीय बजार जाने र आउने क्रम बढेकाले जोखिम बढ्को छ।" खुल्ला सीमानाकाका कारण हुलका हुल मानिसहरू सीमावर्ती भारतीय बजार लदनियाँमा जाने आउने गरिरहेकाले सङ्क्रमणको जोखिम बढ्को तर स्थानीय तहबाट त्यसलाई रोक्ने प्रयास नभएको स्थानीयवासीहरूको गुनासो छ। यसका साथै दैनिक लाग्ने हाटबजारमा पनि सर्वसाधारणको चहल पहल ह्वातै बढेको छ।

सिरहाका प्रमुख जिल्ला अधिकारी प्रदीपराज कणँलले जिल्लामा कोरोना सङ्क्रमण फैलिन नदिन सुरक्षा सतर्कता बढाइएको बताउनुभयो। सिरहा प्रवेश गर्ने नाकाहरूमा सुरक्षा निगरानी बढाउनुका साथै सीमानाकामा हेल्थ डेस्क राखिएको उहाँले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "सीमा नाकामा हुने आवतजावतमा कडाइ गरेका छौं, हेल्थ डेस्कमा स्वास्थ्य परीक्षण गरेर मात्र जान दिएका छौं, अब लुकीछिपी चोर बाटो भएर आइरहेको छ भन्ने त्यसलाई पनि रोक्ने प्रयास गर्छौं।" विश्व समुदाय नै कोरोनाको महामारीसँग जुधिरहेकाले यसप्रति सबै सचेत हुनुपर्ने उहाँको भनाइ छ।

# झा दम्पतीको हत्याको आरोपमा सातजना जेल चलान

जलेश्वर, १७ वैशाख (रासस)। गत फागुन १० गते राति घरमा सुतिरहेको अवस्थामा महोत्तरी जिल्लाको पिपरा गाउँपालिका-५ बस्ने ६५ वर्षीय मुसाफिर झा र ५८ वर्षीया गीतादेवी झा दम्पतीलाई ओछ्यानसहित बेपत्ता पारी हत्या गरेको आरोपमा महोत्तरी जिल्ला अदालतले सात जनालाई शुक्रबार जेल चलान गरेको छ।

जिल्ला अदालतका स्रेस्तेदार मदनप्रसाद जयसवालका अनुसार हत्या भएका झा दम्पतीका छोरा मनिष झाको जाहेरीले वादी नेपाल सरकार भएको अपहरण, शरीर बन्धक, ज्यानसम्बन्धी कसुर, आपराधिक संयन्त्र, लागूऔषध र चोरी मुद्दामा प्रतिवादीहरू सात जनालाई पुर्पक्षका लागि जलेश्वर कारागारमा पठाइएको हो।

जिल्ला न्यायाधीश डा रमेशप्रसाद रिजालको इजलासबाट प्रतिवादीहरू कैलाश झा, हरेन्द्र ठाकुर, रामबाबु यादव, सुरेन्द्र यादव, राजेन्द्र भन्ने राजीन्द्र यादव र विकास भन्ने बबलु झालाई थुनामा राखी मुद्दाको कारवाही गर्ने र तारादेवी झालाई रु दुई लाख धरौटीमा तारेखमा राखी मुद्दाको कारवाही गर्ने आदेश भएकामा तारादेवी झाले धरौटी रकम बुझाउन नसक्दा उनीसहित सातै जनालाई पुर्पक्षका लागि जलेश्वर कारागारमा पठाइएको हो।

साथै घटनामा संलग्न अन्य दुईजना रञ्जित मिश्र र तेजनारायण झाको हकमा पक्राउ पुर्जी म्याद जारी गर्न आदेश भएको हो। महोत्तरी जिल्ला अदालतमा मुद्दा नं ०७७-सी१-०२७६ मा प्रतिवादीहरू विरुद्ध अपहरण, शरीर बन्धक, ज्यानसम्बन्धी कसुर, आपराधिक संयन्त्र, लागूऔषध र चोरी मुद्दाहरू मिति २०७८ वैशाख ३ गते दर्ता भई बयान कार्य सम्पन्न भएर शुक्रबार उनीहरूलाई पुर्पक्षका लागि जेल चलान गरिएको हो।

फागुन १० गते सुतेकै अवस्थामा घरबाट गायब भएका झा दम्पतीको चैत १२ गते एक महिना दुई दिनपछि प्लाष्टिकको बोरामा शरीरका सबै मासु गलिसकेर कङ्काल मात्र बाँकी रहेको अवस्थामा फेला परेको थियो। पिपरा-२ स्थित पिपरा-धिरापुर सडकखण्डमा गत वर्षको बाढीले २० फिट गहिरो हुने गरी माटो बगाई बनाएको खाल्डो पुर्ने क्रममा स्काभेटरले नयाँ पुरिएको माटो मिलाउन खोज्दा स्काभेटरको बकेटमा कङ्काल रहेको बोरा आएपछि झा दम्पतीको अवस्था पत्ता लागेको थियो।

घटनामा संलग्न रहेका नौमध्ये जिल्ला प्रहरी कार्यालय महोत्तरीले सात जनालाई पक्राउ गरी मुद्दा चलाएर जिल्ला अदालतमा उपस्थित गराएकामा सातै जना जेल चलान भएका हुन्। घटनामा संलग्न अन्य दुई जनाको पनि प्रहरीले दैनिक खोजतलास गरिरहेको र चाँडै फेला पार्ने प्रहरी उपरीक्षक दिनेशकुमार आचार्यले बताउनुभयो।

# महामारी रोकथामका लागि सम्पूर्ण शक्ति लगाउन मुख्यमन्त्री राउतद्वारा निर्देशन

**दैनिक समाचारदाता**
**जनकपुरधाम, १७ वैशाख।** प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले कोरोना महामारी रोकथाम र नियन्त्रणका लागि सम्पूर्ण शक्ति लगाउन निर्देशन दिएका छन्।

माहामारीको विषयमा शुक्रबार जानकारी लिने उद्देश्यले भर्चुअल सम्वादमार्फत आठवटै जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई सो निर्देशन दिएका हुन्।

विगत केही दिनदेखि कोरोना संक्रमितको संख्यामा निरन्तर रुपमा वृद्धि भइरहेकाले सोको अवस्था, रोकथाम र नियन्त्रणका लागि भइरहेको प्रयास तथा आगामी दिनमा प्रदेश सरकारले चाल्नुपर्ने कदमबारे सुझाव लिनका मुख्यमन्त्री राउतले सो सम्वाद गर्नुभएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को सचिवालयले जनाएको छ।

सो अवसरमा मुख्यमन्त्री राउतले कोरोनाको जाँचका लागि प्रदेश सरकारले आठवटै जिल्लामा पिसीआर मेसिन सञ्चालनमा ल्याइसकेको हुँदा जाँचमा समस्या नहुने बताए। सो अवसरमा प्रजिअहरुले कोरोना महामारी नियन्त्रणका लागि आठवटै जिल्लामा 'होल्डिङ सेन्टर' निर्माण गर्नुपर्ने सुझाव दिएका थिए।

भर्चुअल सम्वादमा प्रदेश सरकारका तर्फबाट प्रमुख सचिव गोकर्णमणि दवाडी, मुख्य न्यायाधिवक्ता दीपेन्द्र झा, आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव वीरेन्द्रकुमार यादवलगायतको सहभागिता थियो।

# मालपोत र नापी कार्यालय अनिश्चितकालका लागि बन्द

जलेश्वर, १७ वैशाख (रासस)। महोत्तरीका भूमिसुधार तथा मालपोत कार्यालय र नापी कार्यालय शुक्रबारदेखि अनिश्चित कालका लागि बन्द गरिएका छन्।

कोरोना महामारीको दोस्रो लहरबाट गुज्रिरहेको अवस्थामा महोत्तरीमा पनि कोरोना संक्रमितको संख्या बढ्दै गइरहेको अवस्था मध्यनजर गर्दै बढी सेवाग्राहीको भीडभाड हुने मालपोत र नापी कार्यालय शुक्रबारदेखि अनिश्चितकालका लागि बन्द गरिएको हो।

दुवै कार्यालयले सार्वजनिक सूचना प्रकाशन गरेर आइतबारदेखि दुवै कार्यालयमा अदालती तथा आन्तरिक कामकाज मात्रै हुने र त्यसबाहेक सर्वसाधारण सेवाग्राहीको कुनै पनि कामकाज नहुने जानकारी गराएको छ।

यी दुवै कार्यालयमा दैनिक पाँच हजार बढी सेवाग्राहीको भीडभाड हुने गरेको र त्यहाँ कोरोना संक्रमण फैलन सक्ने सम्भावना बढी भएकाले कार्यालय शुक्रबारदेखि अर्को सूचना जारी नहुञ्जेलसम्मका लागि बन्द रहने जनाइएको छ।

# यसपटकको कोरोना सामान्य छैन, यी लक्षण देखिनासाथ तुरुन्त जाँच गराउनुहोला

यसपटकको नयाँ प्रजातिको महामारी गत सालको जस्तो सामान्य छैन । ज्वरो आउने, खोकी लाग्ने, शरीर दुख्ने, स्वाद र गन्ध हराउने, पखाला वा र बान्ता हुने, एकदम थकान हुने, निद्रा लागिरहने, छालामा बिमिरा आउने, आँखा रातो हुनेमध्ये केही लक्षण मिलेमा तुरुन्त पीसीआर टेस्ट गर्नुहोला ।

यसपटक परिवारमा एक जना संक्रमित भएमा सबै संक्रमित हुने अवस्था छ । तसर्थ कुनै लक्षण देखिएमा आइसोलेसनमा बस्नुहोला । संक्रमणको शंका लागेमा तुरुन्त पीसीआर टेस्ट गर्नुहोला । सहेर वा हेरौं भनेर अलमल नगर्नुहोला । जति छिटो रोग पत्ता लाग्यो, त्यति छिटो उपचार पाउने अवस्था हुन्छ ।

पीसीआर पोजिटिभ आएमा गत सालजस्तो सप्लिमेन्ट (भिटामिन वा इम्युन बुस्टर) खाएर ढुक्क नहुनुहोला । यसपटक छिटो कोभिड निमोनिया हुने भएकाले तुरुन्तै नजिकको कोभिड अस्पतालको फिभर क्लिनिकमा जानुहोला । त्यहाँ चिकित्सकले तपाईंलाई परीक्षण गरेर आवश्यकताअनुसार छातीको एक्सरे, रगतको जाँच तथा सीटी-स्क्यान गर्ने सल्लाह दिनुहुन्छ ।

यदि तपाईंको अवस्था खराब छ भने उहाँहरूले औषधि वा भर्नाका लागि सल्लाह दिनुहुनेछ । उहाँहरूको सल्लाह अक्षरशः पालना गर्नुहोला । लामो समय ज्वरो आयो, खोकी लाग्यो, सास फेर्न गा’ह्रो भयो, खाना खान गाह्रो भयो वा अक्सिजनको स्तर ९४ भन्दा तल भइरह्यो भने घरमा नबस्नुहोला ।

यो अवस्थामा तपाईंलाई छातीमा संक्रमण भएको बुझ्न सकिन्छ । जति छिटो अस्पताल पुग्यो, त्यति छिटो भर्ना हुन नपर्ने एवं सजिलोसँग निको हुने अवस्था हुन्छ । गत साल संक्रमण भएका वा यो साल खोप लगाएका व्यक्तिलाई संक्रमण हुनसक्छ । प्रजाति फरक भएकाले गाह्रो हुन सक्छ ।

मैले खोप लगाएको छु वा पोहोरको एन्टिबडीले काम गर्छ भनेर लापरबाही नगर्नुहोला । अप्ठ्यारो भए तुरुन्त अस्पताल जानुहोला । बालबालिका तथा युवालाई केही हुँदैन भनेर घरमा नबस्नुहोला । यसपटक बालबालिका र युवाको संक्रमण दर, गम्भीर हुने दर तथा मृत्युदर गत सालको भन्दा धेरै छ ।

-अस्पताल जाने बेलासम्म घोप्टो परेर सुत्नुभयो भने अक्सिजनको स्तर केही बढ्दछ । तसर्थ पेटको बलमा घोप्टो परेर सुत्नुहोला । अस्पताल प्याक छन् भनेर नआत्तिनुहोला । अस्पताल जाँदैमा सबै भर्ना हुनु पर्दैन । प्याक भएका अस्पतालले अस्पतालबाहिर समेत अक्सिजन दिएर उपचार गरिरहेका छन् ।

-चिकित्सकको सल्लाहबिना आफैं अक्सिजन लगाएर घरमा नबस्नुहोला । अक्सिजन उपचार हैन । निमोनिया वा अन्य छातीको संक्रमणको औषधि चलाउँदै अक्सिजन लगाउनुपर्छ । अक्सिजनको मात्रा चिकित्सकको सल्लाहअनुसार मात्र थपघट गर्नुपर्छ ।

-औषधि, उपचार प्रत्येक व्यक्तिको फरक हुनसक्छ । एक जनालाई निको भएको औषधिले अर्को व्यक्तिलाई नहुन सक्छ । तसर्थ स्वास्थ्यकर्मी बाहेकका व्यक्तिले सिफारिस गरेका औषधि सेवन नगर्नुहोला । कुनै पनि औषधिले कोरोना च्वाट्ट निको हुने वा लाग्न नदिने कुरा गर्छ भने त्यो गलत हो ।

-प्रतिरोध क्षमता बढाउन जथाभावी आयुर्वेद औषधि नखानुहोला । सम्बन्धित चिकित्सक तथा स्वास्थ्यकर्मीको सिफारसअनुसार मात्र आयुर्वेद औषधि सेवन गर्नुहोला । आयुर्वेद औषधिले कोभिड निको हुँदैन । तपाईंको स्टामिना बढाउँछ । यस्तो बेला सबै चिकित्सा पद्धतिको एकीकृत उपचार प्रभावकारी हुन्छ ।

-यसपटकको संक्रमणले निकै छिटो फोक्सोमा असर गर्ने किसिमको छ । ४/६ घण्टामा निकै बढी असर गर्न सक्छ । तसर्थ भोलि अस्पताल जाउँला भनेर नबस्नुहोला । निको भएका संक्रमितका कुरा सुन्नुहोला । -कुनै पनि चिकित्सकले औषधि चलाएका बेला पनि भित्रभित्रै असर हुनसक्छ ।

यो भाइरल संक्रमण भएको हुँदा एन्टिबायोटिकको भर पर्नु हुँदैन । यस्तो अवस्थामा एकपटक छातीको एक्सरे वा सीटी-स्क्यान गर्नु सुरक्षित हुन्छ । -अस्पतालमा गम्भीर बिरामीप्रति चिकित्सकको ध्यान बढी हुन्छ । तसर्थ नआत्तिनुहोला । -उपचारपश्चात् पीसीआर नेगेटिभ आए पनि कोभिडले तपाईंका विभिन्न अंगमा असर गरेको हुनसक्छ ।

चिकित्सकको सल्लाहअनुसार यसको पनि उपचार गरेर स्वास्थ्यलाभ गर्नुपर्ने हुन्छ । (सरकारले जारी गरेका सूचना, सतर्कता तथा जनस्वास्थ्यका मापदण्ड पालनाबाट हामी संक्रमणबाट बच्ने छौं । कृपया पटक्कै लापरबाही नगर्नुहोला । आफू, परिवार तथा समाजलाई संक्रमण हुन नदिन सतर्क बनौं । सतर्क भएमा हामी अस्पताल जानु पर्दैन) । विभिन्न नेपाली मिडियाको सहयोगमा

### *मास्क नलगाउने ...*

फणिन्द्रमणी पोखरेल, प्रहरी उपरिक्षक राजेन्द्र धमला, सशस्त्र प्रहरी उपरिक्षक राजु श्रेष्ठ, प्रहरी नायब उपरिक्ष माधवप्रसाद काफ्ले नेतृत्वको छुट्टाछुट्टै टोली निगरानीका लागि जिल्लाका विभिन्न स्थानमा खटिएका छन् ।

मास्क तथा कोरोनाको जोखिम बिरुद्ध प्रचार सामाग्रि बोकेर जिल्ला प्रहरी कार्यालयको गाडी दिनभर बजार र ग्रामिण क्षेत्रमा गुडिरहेको देखिन्छ ।

भारतीय सीमासँग जोडिएको नाकाहरुमा समेत यो अभियान संचालन गरेको प्रहरीले कोरोनाले जटिल बन्दै गएको परिस्थितिलाई मध्य नजर गरि सरकारले तोकेको स्वास्थ्य मापदण्ड अनिवार्य पालना गर्न आग्रह समेत गरेको छ ।

यसैबीच शुक्रबारै सामुदायिक सेवा केन्द्र, सामुदायिक प्रहरी सेवा केन्द्र र सिद्धार्थ गौतम बुद्ध यातायात सेवा केन्द्र राजविराजले संयुक्त रुपमा मास्क तथा सेनिटाइजर बितरणको कार्यक्रमको सुरुवात गरेका छन् ।

कार्यक्रमको स्थानिय रुपनी बस स्टेन्डमा शुभारम्भ गर्दै प्रहरी नायक उपरिक्षक काफ्ले, समाजसेवी जवाहर यादव, सुनिता साह, हितनारायण लाल दास, संजय शर्मा, जसपाका केन्द्रिय सदस्य अमरनाथ मण्डल लगायतले कोरोनाबाट जोगिन सबैलाई सरकारले तोकेको स्वास्थ्य मापदण्ड पालना गर्न अनुरोध गरेका थिए ।




रुपनी गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी


## विश्व समाचार

### उत्तरी इजरायलमा भागदौड मच्चिदा ४४ जनाको मृत्यु

जेरुसेलम, १७ बैशाख (रासस-सिन्ह्वा) ।

इजरायलमा बिहीबार राति आयोजित एक धार्मिक समारोहमा भागदौड मच्चिंदा कम्तीमा ४४ जनाको ज्यान गएको छ । यहुदीहरुको नयाँ वर्ष मनाउन कम्तीमा एक लाख मानिस भेला भएका स्थानीय सञ्चार माध्यमहरुले जनाएका छन् ।

यहुदी नयाँ वर्ष “लाग बाओमर”को पूर्व सन्ध्यामा हरेक वर्ष उत्तरी इजरायलको माउन्ट मेरोनमा ठूलो संख्यामा मानिस भेला हुने प्रचलन छ । इजरायली सञ्चार माध्यमको अनुमान अनुसार, करिब एक लाख मानिस उक्त समारोहमा सहभागी थिए जसमा अति दक्षिणपन्थी यहुदीको सहभागिता बढी थियो ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले ट्वीट गर्दै माउन्ट मेरोनमा निकै दुःखद घटना भएको छ, र घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु भन्नुभएको छ । उहाँले माउन्ट मेरोनमा उद्धार कार्यलाई तिब्र बनाउन आदेश दिइसकेको बताउनुभएको छ । इजरायली राष्ट्रपति रुभेन रिभलिनले पनि ट्वीट गर्दै घाइतेको उद्धार कार्यलाई तिब्र बनाउन आग्रह गर्नु भएको छ ।

शुरुमा उक्त दुःखद घटना मञ्च भत्किएर भएको अनुमान गरिए पनि इजरायली एम्बुलेन्स सेवा मागेन डेभिड एडोम (एमडिए) ले भिडका कारण उक्त दुर्घटना भएको बताएको छ । एमडिएले घाइतेहरुलाई उद्धार गरिएको र केहीलाई हेलिकप्टरबाट बाहिर निकालिएको जनाएको छ ।

घाइतेहरुलाई उत्तरी इजरायल र जेरुसलेममा भर्ना गरिएको छ । युनाइटेड हजलाह आपतकालीन स्वास्थ्य सेवाले आफ्ना संस्थाका स्वयंसेवीले घटनास्थलबाट दर्जनौं व्यक्तिलाई उद्धार गरेको जनाएको छ । सरकारले कोभिड-१९ को संक्रमण फैलन सक्ने भन्दै आम नागरिकलाई सचेत रहन आग्रह गरेको छ ।

सरकारले कोरोनाभाइरस फैलन नपाओस् भन्नका लागि खोप लगाएका, कोभिबाट संक्रमणमुक्त भएका वा परीक्षणमा संक्रमण नदेखिएका व्यक्तिलाई मात्र माउन्ट मेरोनको भ्रमण गर्न अनुमति दिएको थियो । तर सरकारले अनुमति दिएको भन्दा धेरै व्यक्ति उक्त समारोहमा सहभागी भएका थिए ।

### भारतमा एकै दिन तीन लाख ८६ हजार कोरोना सङ्क्रमित

नयाँ दिल्ली, १७ बैशाख (रासस/एएनआई) ।

भारतमा कारोनाभाइरसबाट सङ्क्रमित भएकाहरुको दैनिक सङ्ख्या दिन प्रतिदिन बृद्धि हुँदै गएको छ । तिब्र गतिमा फैलिएको कोरोनाभाइरसबाट एकै दिनमा तीन लाख ८६ हजार ४५२ जना सङ्क्रमित भएका छन् । कोरोनाभाइरसको महामारी फैलिएदेखि यता गत २४ घण्टामा हालसम्मकै सबैभन्दा धेरै सङ्क्रमित भएको अधिकारीहरुले जनाएका छन् । केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयलका अनुसार सोही अवधिमा तीन हजार ४९८ जनाको कोरोनाका कारण मृत्यु भएको छ ।

दैनिक रुपमा सङ्क्रमणमुक्त हुनेहरुको सङ्ख्या पनि बढीरहेको पाइएको छ । पछिल्लो २४ घण्टामा दुई लाख ९७ हजार ४५० जना सङ्क्रमणमुक्त भएको मन्त्रालयले जनाएको छ । देशभरी कुल सङ्क्रमित मध्ये अहिलेसम्म कुल एक करोड ५३ लाख ८४ हजार ४१८ जना सङ्क्रमणमुक्त भएका छन् । भारतमा अहिलेसम्म कुल एक करोड ८७ लाख ६२ हजार ९७६ जना कोरोनाभाइरसबाट सङ्क्रमित भएका छन् । ती मध्ये ३१ लाख ७० हजार २२८ जना अझै पनि सङ्क्रमित अवस्थामै रहेको मन्त्रालयको तथ्याङ्क छ ।

भारतको स्वास्थ्य अनुसन्धान परिषदका अनुसार अप्रिल २९ तारिखसम्म देशभरी कुल २८ करोड ६३ लाख ९२ हजार ८६ ओटा स्वाब परीक्षण गरिएको छ । ती मध्ये पछिल्लो २४ घण्टामा १९ लाख २० हजार १०७ जनाको कोरोना परीक्षण गरिएको अधिकारीहरुले जनाएका छन् । भारतमा एकातर्फ महामारी फैलिइरहेको छ भने अर्को तर्फ कोरोनाभाइरस विरुद्धको खोप लगाउने क्रम पनि चलिरहेको छ । सरकारी अधिकारीहरुका अनुसार अहिलेसम्म १५ करोड २२ लाख ४५ हजार १७९ मात्रा खोप खपत भएको छ ।

### म्यानमारको सेनाद्वारा थप एक महिना युद्धविराम घोषणा

याङ्गुन, १७ बैशाख (रासस/सिन्ह्वा) ।

म्यानमारको सेनाले युद्ध विरामको समयावधि एक महिना थप गरेको छ । आगामी मे ३१ सम्म सेनाबाट हुने कारबाही सम्बन्धी कुनै पनि क्रियाकलाप नहुने सेनाले शुक्रबार जानकारी दिएको हो । प्रधान सेनापतिको कार्यालयद्वारा जारी वक्तव्यमा वर्तमान विशेष परिस्थितिलाई मध्यनजर गर्दै युद्धविरामको समयावधि लम्ब्याइएको उल्लेख छ ।

सेनाले कारबाही सम्बन्धी कामहरु नगरे पनि आन्तरिक तथा प्रशासनिक र नियमित कामहरु भने गरिरहने पनि वक्तव्यमा जनाइएको छ । म्यानमारको सेनाले गत फेब्रुअरी १ मा सत्ता हातमा लिएर शासन गर्न थालेको छ भने नेताहरुलाई बन्दी बनाइएको छ ।

सेनाले सत्ता नियन्त्रणमा लिएको विरोधमा आन्दोलन भइरहेको छ । आन्दोलनका क्रममा सयौंको मृत्यु भइसकेको छ भने हजारौं घाइते भएका छन् । सेनाले लोकतान्त्रिक सरकारलाई अपदस्त गरेको भन्दै संयुक्त राष्ट्रसंघ लगायतका अन्तर्राष्ट्रिय निकाय र विश्वका धेरै देशहरुले विरोध जनाएका छन् ।

उनीहरुले लोकतान्त्रिक प्रक्रियाबाट बनेको सरकारलाई नै सत्ताको जिम्मेवारी दिन म्यानमारको सेनालाई सुझाव र दबाब पनि दिएका छन् । तर सेनाले भने गत निर्वाचनमा धाँधली भएकाले फेरि अर्को निर्वाचन गराउने भन्दै एक वर्षका लागि सत्ता हातमा लिएको स्पष्ट पारेको छ ।

# गाउँपालिका अध्यक्षको निधन

पर्सा, १७ वैशाख (रासस)।

कालिकामाई गाउँपालिकाका अध्यक्ष नथुनीप्रसाद कुशवाहको शुक्रबार बिहान निधन भएको छ।पाँच दिनदेखि उच्च ज्वरो, श्वासप्रश्वासमा समस्या जस्ता रोगबाट ग्रसित ८१ वर्षीय कुशवाहको बिहान २ बजे वीरगञ्ज -९ स्थित आफ्नै निवासमा निधन भएको हो।

बढ्दो सङ्क्रमणका कारण घरमै उपचार गराइरहनुभएका कुशवाहलाई कोरोनाको लक्ष्य देखिए पनि पिसिआर टेष्ट नभएको परिवारिक स्रोतले जनाएको छ।

कुशवाहको शव अन्तिम संस्कारका लागि कालिकामाई -२ भेडिहारीस्थित निवासमा बिहानै लगिएको उहाँका छोरा इन्दुभूषणले जानकारी दिनुभयो।

चार दशकदेखि सकिय राजनीतिमा रहनुभएका कुशवाह सङ्घीय समाजवादी पार्टीबाट गाउँपालिका अध्यक्षमा निर्वाचित हुनुभएको थियो। तीन छोरा र पाँच छोरीका पिता कुशवाह अत्यन्त मिलनसार तथा मृदभाषी हुनाका साथै जनताप्रति समर्पित हुनुभएको गाउँबासी बताउँछन्।

# निषेधाज्ञामा थप कडाइ

काठमाडौं, १७ वैशाख (रासस)।

निषेधाज्ञा जारी भएका मुलुकका विभिन्न जिल्लामा शुक्रबारदेखि थप कडाइका साथ आदेशको कार्यान्वयन गरिने भएको छ। अन्य जिल्लाबाट आदेश जारी भएका जिल्लामा यातायातका साधन तथा अन्य मानवीय आवागमन रोक्न भनिएको गृह मन्त्रालयले जनाएको छ।

बिहीबार पहिलो दिन भएकाले यातायातका साधनहरू बाटोमै अड्किएका, यात्रु अलमल भएकाले केही सहजीकरण गरिएको भए पनि शुक्रबारदेखि भने कडाइका साथ आदेशको पालना गरिने गृह प्रवक्ता जनकराज दाहालले जानकारी दिनुभयो। केही जिल्लामा यसअघि नै निशेषको आदेश जारी भएपछि अधिकांश जिल्लामा बिहीबारदेखि आदेश कार्यान्वयनमा आएको छ।

प्राप्त विवरणअनुसार मुलुकका १५ जिल्लामा पूर्ण र तीन जिल्लामा आंशिक निषेधाज्ञा छ। यसरी आदेश जारी गर्ने जिल्लामा बाँके, काठमाडौँ, ललितपुर, भक्तपुर, कास्की, कैलाली, पर्सा, कञ्चनपुर, दाङ, पाल्पा, चितवन, रुपन्देही, सल्यान, सुर्खेत र सुनसरी छन्। यस्तै कालिकोट, बाग्लुङ र बर्दियामा आंशिक निषेधाज्ञा छ। यसरी आदेश भएको जिल्लाहरूमा अत्यावश्यक बाहेक अन्य गतिविधि गर्न पाइने छैन।

महानगरीय ट्राफिक प्रहरी महाशाखाले उपत्यकामा बिहीबारको आदेश उल्लङ्घन गर्ने दुई हजारी बढीलाई होल्ड गरेर चेतावनीका साथ अब ननिस्कने शर्तमा छाडिएको जानकारी दिएको छ। जिल्लाजिल्लामा यो क्रम जारी रहेको थियो। नेपाल प्रहरीले अन्य जघन्य आपराधिक गतिविधि बाहेकका गतिविधि नियन्त्रण कार्यक्रमलाई थाती राखेर सबै कोभिड-१९ सङ्क्रमण नियन्त्रण अभियानमा परिचालन गरेको जनाएको छ।

ठाउँठाउँमा टोली परिचालन गरी सवारी साधान जाँच थर्न थालिएको र यो क्रम शुक्रबार थप कडाइका साथ हुने नेपाल प्रहरीका प्रवक्ता बसन्तबहादुर कुँवरले जानकारी दिनुभयो। गृह मन्त्रालयले आदेशको पूर्ण पालना गरी कोभिड नियन्त्रण अभियानमा सहयोग गर्न आम नागरिकमा अनुरोध गरेको छ।

# एकैदिन भेटिए १ सय ७५ संक्रमित

पर्सा, १७ वैशाख (रासस)।

दुई अङ्कमा भेटिदै आएको कोरोना सङ्क्रमितको सङ्ख्या पर्सामा तेहरो अङ्कमा प्रवेश गरेको छ।

वीरगञ्ज नारायणी अस्पतालको प्रयोगशालामा २८८ जनाको स्वाब नमूनालाई परीक्षण गर्दा १७५ मा सङ्क्रमण पुष्टि भएको छ। जिल्लाका विभिन्न स्थानबाट सङ्कलन गरिएको स्वाब नमूनाको शुक्रबार बिहान आएको परीक्षण रिर्पोटमा १० देखि ७२ वर्ष उम्मेर समूहका १३१ पुरुष र ४४ महिलामा सङ्क्रमण पुष्टि भएको हो।

सङ्क्रमितमध्ये सबैभन्दा बढी वीरगञ्ज महानगरपालिकाबाट १३१, बाराबाट ३४, सर्लाहीबाट पाँच, रौतहटबाट तीन र महोत्तरी तथा दाङबाट एक/एक सङ्क्रमित भेटिएको नारायणी अस्पतालका कोभिड संयोजक डा दासले जानकारी दिनुभयो। उहाँले भेटिएका सङ्क्रमितको सिटी भ्यालु १४.२ देखि ३५.२ सम्म रहेको छ भने १५ देखि ३५ वर्ष उमेर समूहका सङ्क्रमितको सङ्ख्या बढी रहेको बताउनुभयो। यससँगै पर्सामा कूल सङ्क्रमितको सङ्ख्या चार हजार ४३९ पुगेको छ भने सक्रिय सङ्क्रमितको सङ्ख्या एक हजार २९२ रहेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

# खानेपानीमन्त्री थापालाई सङ्क्रमण

काठमाडौँ, १७ वैशाख (रासस)।

खानेपानी तथा सरसफाइमन्त्री मणिचन्द्र थापालाई कोभिड-१९ को सङ्क्रमण भएको छ। उहाँको पिसिआर परीक्षणमा क्रममा शुक्रबार बिहान सङ्क्रमण पुष्टि भएको उहाँका स्वकीय सचिव राजेन्द्र गौतमले जानकारी दिनुभयो।

मन्त्री थापाकी छोरी उष्णता श्रेष्ठ थापालाई सङ्क्रमण भएपछि उहाँको हिजो स्वाब सङ्कलन गरिएको थियो। उहाँकी छोरीलाई चार दिनअघि सङ्क्रमण भएको थियो।

मन्त्रीसहित सचिवालयमा काम गर्ने १० जनाको पिसिआर परीक्षण गर्दा कसैलाई सङ्क्रमण देखिएन। सङ्क्रमण पुष्टि भएपछि मन्त्री थापाले अहिले ललितपुरस्थित मन्त्री निवास पुल्चोक आराम गरिरहनुभएको उहाँका स्वकीय सचिव गौतमले जानकारी दिनुभयो।

उहाँका अनुसार मन्त्री थापालाई अहिले सामान्य रुघाखोकी लागेको छ। यसअघि ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री टोपबहादुर रायमाझीलाई सङ्क्रमण भएको थियो।

# सर्वोच्च अदालतले तोक्यो : रिट निवेदन र सुनुवाइको समय

काठमाडौँ, १७ वैशाख (रासस)।

सर्वोच्च अदातलले कोभिड-१९ को महामारीका कारण बन्दाबन्दी भएको अवस्थामा रिट निवेदन दर्ता गर्ने र सुनुवाइको समय निर्धारण गरेको छ। अदालतले तोकेको समयानुसार बन्दी प्रत्यक्षीकरणसम्बन्धी रिट तथा कोभिड महामारी, जीवन र जनस्वास्थसँग सम्बन्धित रिट निवेदनहरू दर्ताको समय बिहान ११:०० देखि दिउँसो ३:०० बजेसम्म रहेको छ।

ती रिट निवेदनमध्ये बन्दी प्रत्यक्षीकरणको निवेदन दिउँसो १:०० बजेसम्म दर्ता गर्न आएमा सोही दिन सुनुवाइ हुने र सो उपरान्त दर्ता हुन आए भोलिपल्ट सुनुवाइ गर्ने तय गरिएको छ। सर्वोच्च अदालतका उपरजिष्ट्रार राजु ढुङ्गानाका अनुसार सुनुवाइका क्रममा सम्बन्धित मुद्दामा एक/एक पक्ष र एक/एकजना कानून व्यवसायी मात्र इजलासमा उपस्थित भएर बहस पैरवी गर्ने निर्णय भएको छ।

प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरासहित सम्पूर्ण न्यायाधीशहरूको यही वैशाख १४ गते बसेको पूर्ण बैठकले उपत्यकामा निषेधाज्ञा जारी भएको अवस्थामा अदालतबाट दिने सेवा कटौती गर्ने गरेको थियो। पूर्ण बैठकले बन्दी प्रत्यक्षीकरणसम्बन्धी रिट निवेदन तथा कोभिड महामारी, जीवन र जनस्वास्थसँग सम्बन्धित रिट निवेदनको मात्र सुनुवाइ गर्ने निर्णय गरेको थियो। अदालतले सोही निर्णयानुसार रिट दर्ता गर्ने र सुनुवाइ गर्ने समय निर्धारण गरेको हो।

## तीन कोरोना ...

देखिएपछि उनलाई वैशाख १० गते अस्पतालमा भर्ना गरिएको र सोही दिन पिसिआर विधिबाट परीक्षण गर्दा सङ्क्रमण पुष्टि भएको डा दासले जानकारी दिनुभयो। यससँगै पर्सामा कोरोना सङ्क्रमणकै कारण मृत्यु हुनेको सङ्ख्या ७३ पुगेको जिल्ला प्रशासन कार्याल पर्साले जनाएको छ।

## पेन्सन पट्टा हराएको सूचना

शम्भुनाथदेखी राजविराजस्थित राष्ट्रिय बाणिज्य बैंक आउँदै गर्दा २०७७ चैत १० गते मेरो निम्न नं. को पेन्सन पट्टा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकीमा सम्पर्क गर्नुहोला।

**नाम : तारा प्रसाद देव**
**ठेगाना : शम्भुनाथ नपा ८ (हाल ४), सप्तरी**
**पेन्सन पट्टा नं. : ७८८८८**




तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit Quick & Easy, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*